# नेपाल विवेकशील पार्टीको विधान, २०७८

पारित मिति: २०७८/०६/०३

**प्रस्तावना**

नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै; नेपाली नागरिकको स्वतन्त्रता, सुशासनको अधिकार एवम् नागरिक जिम्मेवारीलाई आत्मसात् गर्दै; २०६९ सालदेखि शुरु भएको विवेकशील अभियानलाई उचाइमा पुर्‍याउँदै; प्रत्यक्ष सहभागितामूलक लोकतन्त्रको अभ्यास एवम् उद्यमशील जीवनशैली तथा सुसंस्कारलाई प्रवर्धन गर्दै; सबै नागरिकको मुहारमा खुशी ल्याउन नेपाल विवेकशील पार्टीको गठन गरी यो विधान जारी गरिएको छ ।

## भाग १ - प्रारम्भिक

### १. नाम र प्रारम्भ

(१.१) यो विधानको नाम "नेपाल विवेकशील पार्टीको विधान, २०७८" रहनेछ।

(१.२) यस पार्टीको नाम नेपाल विवेकशील पार्टी रहनेछ ।

(१.३) नेपाल विवेकशील पार्टीको सार्वभौमिकता दलका सदस्यमा निहित रहनेछ। यसको प्रयोग यस विधानमा व्यवस्था भए बमोजिम हुनेछ। यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा उल्लिखित:

(२.१) "दल" भन्नाले नेपाल विवेकशील पार्टी सम्झनुपर्छ ।

(२.२) "विधान" भन्नाले यस विधानलाई सम्झनुपर्छ ।

(२.३) "नियमावली" भन्नाले यस विधान अन्तर्गत बनेको नेपाल विवेकशील पार्टीको नियमावली सम्झनुपर्छ ।

(२.४) “सदस्य” भन्नाले नेपाल विवेकशील पार्टीको सदस्यलाई बुझाउनेछ ।

(२.५) “समिति” भन्नाले यस विधान र सो अन्तर्गत बनेको नियमावली बमोजिम गठन भएका विभिन्न समितिहरू सम्झनुपर्छ ।

(२.६) “कार्यालय” भन्नाले दलको कुनै पनि तहको कार्यालय सम्झनुपर्छ ।

(२.७) “अध्यक्ष” भन्नाले दलको अध्यक्ष सम्झनुपर्छ ।

(२.८) “संसदीय दल” भन्नाले नेपाल विवेकशील पार्टीको संसदीय दल सम्झनुपर्छ ।

(२.९) “संघीय समिति” भन्नाले दलको केन्द्रीय समिति सम्झनुपर्छ ।

### ३. झण्डा

आयताकार सुनौलो घेरा र त्यसभित्रको हरियो पृष्ठभूमिको बिचमा सेतो रङको कुकुरको टाउकोको आकृति रहेको झण्डा पार्टीको झण्डा रहनेछ। हरियो पृष्ठभूमिले पर्यावरणलाई जोगाउने भाव जनाउँदछ भने सुनौलो घेराले दिगो रूपमा हासिल गर्नुपर्ने संवृद्धिलाई जनाउनेछ। कुकुरले इमानदारी तथा पहरेदारीको भाव जनाउनेछ । झण्डाको चौडाइ र लम्बाइको अनुपात २:३ हुनेछ। झण्डाको चारैतिर रहेको बाहिरी सुनौलो घेराको चौडाइ झण्डाको चौडाइको पाँच प्रतिशत हुनेछ । दलको झन्डा यस विधानको अनुसूची - १ मा उल्लेख गरिए बमोजिम हुनेछ।

### ४. चिह्न

कुकुरको टाउकोको आकृति पार्टीको चिह्न रहनेछ। दलको चिह्न यस विधानको अनुसूची - २ मा उल्लेख गरिए बमोजिम हुनेछ।

### ५. छाप तथा कार्यालय

वृत्ताकारको माथिल्लो देब्रे भागमा घडी घुम्ने दिशातर्फ **नेपाल विवेकशील पार्टी** लेखिएको तथा तलको भागमा घडी घुम्ने दिशाको उल्टोतर्फ **मानवता, समानता, स्वतन्त्रता र स्वाभिमान** लेखिएको हुनेछ । दलको छाप यस विधानको अनुसूची - ३ मा उल्लेख गरिए बमोजिम हुनेछ भने संघीय तथा प्रादेशिक कार्यालयहरू अनुसूची - ४ बमोजिम हुनेछ।

### ६. समानता तथा योग्यता

दलको सदस्यता प्रदान गर्दा तथा कायम राख्दा वा दलको कुनै पदमा नियुक्त गर्दा वा कुनै कार्यको मूल्यांकन गर्दा समानता तथा योग्यताका आधारमा गरिनेछ।

### ७. नेपाल विवेकशील पार्टीका मूलभूत उद्देश्य तथा कार्यक्रमहरू निम्नानुसार हुनेछन्ः

(क) राजनीतिक सुसंस्कार, सुशासन र प्रगतिलाई संस्थागत गर्नु हुनेछ।

(ख) नागरिकलाई जिम्मेवार र नेतृत्वलाई जबाफदेही बनाउनु हुनेछ।

(ग) राष्ट्रिय स्वाधीनता, अखण्डता र प्रतिष्ठाको रक्षा एवम् प्रवर्धन गर्नु हुनेछ।

(घ) नागरिकको जीवन, स्वतन्त्रता, आत्मसम्मान, सुरक्षा र सम्वृद्धि सम्बन्धी मौलिक अधिकारलाई व्यवहारमा स्थापित गर्नुहुनेछ।

(ङ) वर्तमान राजनीतिक शक्तिहरूलाई सकारात्मक चुनौती दिनु हुनेछ।

## भाग २ - सदस्यता

### ८. सदस्यताको प्रकारः

क. आधारभूत सदस्यः आन्तरिक चुनावमा मत हाल्न पाउने जसको लागि सदस्यता लिएको न्यूनतम ९० दिन पूरा भएको र तोकिए बमोजिमको **आधारभूत प्रशिक्षण** लिएको हुनु पर्नेछ। निजले दलको कुनै पनि पदमा उम्मेदवारी दिन पाउने छैन।

ख. सक्रिय सदस्यः दलको आन्तरिक चुनावमा मत हाल्न पाउने र दलको आन्तरिक चुनावमा उम्मेदवारी दिन पाउने।

१८ वर्ष उमेर पुगेको नेपाली नागरिकले तोकिए बमोजिमको प्रक्रिया पूरा गरेर दलको कुनै पनि निकाय वा दलको आधिकारिक अनलाइन फारम भरेर दलको आधारभूत सदस्यता लिन सक्नेछन् र तोकिए बमोजिमको शुल्क तिरी वार्षिक रुपमा नवीकरण गर्न सक्नेछन्। अन्य दलको पदीय जिम्मेवारी त्यागेर नेपाल विवेकशील पार्टीको नेतृत्वमा आउने व्यक्तिको हकमा अन्तिम निर्णय सम्बन्धित तहको समितिको हुनेछ।

### (८.१) आधारभूत सदस्यताको योग्यता

(८.१.१) नेपाली नागरिक भएको;

(८.१.२) अठार (१८) वर्ष उमेर पुगेको;

(८.१.३) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा दोषी ठहर नभएको;

(८.१.४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको;

(८.१.५) कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानून बमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य नरहेको;

(८.१.६) दलको विधानलाई स्वीकार गर्ने;

(८.१.७) दलको सिद्धान्त र नीतिहरू साकार पार्न योगदान दिन तत्पर रहेको तथा

(८.१.८) अन्य कुनै राजनीतिक दलको सदस्य नभएको ।

(८.२) आधारभूत सदस्यबाट सक्रिय सदस्य बन्न दलले तोकेको **विभिन्न तहगत कार्य तथा प्रशिक्षणका मापदण्डहरू** पूरा गर्नु पर्नेछ जुन सदस्यता नियमावलीले तोके बमोजिम हुनेछ। दल बाहिरको राष्ट्रिय चुनावमा उम्मेदवारी दिन 'प्राइमरी' (**primary)** हुनेछ जसको प्रक्रिया तोकिए बमोजिम हुनेछ। प्राइमरीले चुनावको लक्षित पद अनुसारको मापदण्ड तोक्नेछ र सो मापदण्डलाई अत्यधिक रुपमा पूरा गर्ने व्यक्ति दलको उम्मेदवार बन्नेछ।

(८.३) सदस्यहरूको अभिलेख स्थानीय तह, जिल्ला तह, प्रदेश तह तथा संघीय तहमा राखिनेछ । अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ९. सदस्यताको विवाद, निरुपण तथा खारेजी

(९.१) सदस्यता सम्बन्धी विवरण, तात्कालिक समस्याहरूको सुनुवाइ र निर्णयहरू दलका कार्यकारी तहका समिति मार्फत गरिनेछ। सदस्यता सम्बन्धी विवादको निरुपण गर्नको लागि दलको जिल्ला तहको न्याय तथा सुशासन समितिले गर्नेछ जसले सदस्यता समेत खारेजी गर्न सक्दछ।

(९.२) दलको तहगत न्याय तथा सुशासन आयोगले गरेको फैसला उपर चित्त नबुझेमा दलको एक तह माथिको आयोगमा पुनरावेदन गर्न सकिनेछ। संघीय न्याय तथा सुशासन आयोगको निर्णय अन्तिम हुनेछ र आयोगले दलको सदस्यको सदस्यता खारेजी गर्न सक्दछ। प्रादेशिक तथा संघीय सांसदहरूले सम्बन्धित संसदीय दलले दिएको निर्देशन नमानेमा सो सम्बन्धी जानकारी दलको संघीय न्याय तथा सुशासन आयोगलाई दिइनेछ । उक्त आयोगले दलबाट निष्कासन गर्ने सम्बन्धी कारबाहीको सिफारिस दलको संघीय समितिलाई गर्नेछ ।

(९.३) देहायको अवस्थामा कुनै पनि सदस्यको सदस्यता समाप्त हुनेछः

(क) निजको मृत्यु भएमा;

(ख) निजले स्वेच्छाले दल परित्याग गरेमा;

(ग) निजलाई न्याय तथा सुशासन आयोगको कारवाहीबाट निष्कासित गरेमा;

(घ) तोकिए बमोजिम सदस्यता नवीकरण नगरेमा र

(ङ) दफा ८.१ मा रहेका प्रावधान पालना नगरेमा वा मेल नभएमा।

(९.४) जुन कारणले सम्बन्धित व्यक्तिको सदस्यता निलम्बन भएको हो, छानबिनपछि निर्दोष पाइएमा वा कारबाहीको अवधि पूरा गरेमा निजले पुनः सदस्यता प्राप्त गर्न सक्नेछन्। तर अन्यत्र जेसुकै लेखिएको भए तापनि नैतिक पतन हुने फौजदारी मुद्दामा वा भ्रष्टाचार सम्बन्धी मुद्दामा अदालतबाट दोषी ठहर भएमा पुनः सदस्यता दिइने छैन।

## १०. सदस्यहरूको काम, कर्तव्य र अधिकार

(१०.१) राष्ट्र र दलप्रति इमानदार रही दलको विधान, नीति र कार्यक्रमप्रति प्रतिबद्ध रही सुसंस्कृत राजनीति र सम्वृद्ध राष्ट्र निर्माणमा योगदान गर्ने।

(१०.२) दलको अधिवेशन वा अन्य निर्वाचनमा मतदान गर्ने र सक्रिय सदस्य भए उम्मेदवारी दिने।

(१०.३) दलको निर्णय, निर्देशन र कार्यक्रमको अध्ययन गरेर प्रचार प्रसार, कार्यान्वयन तथा सम्बन्धित समितिहरूमा सल्लाह सुझाव दिने।

(१०.४) दल प्रदत्त आन्तरिक लोकतन्त्रको अधिकारलाई प्रयोग गर्दै दलले गरेको कुनै पनि प्रकारको सजायको लागि प्रतिवाद, सुनुवाइ र पुनरावेदनको अधिकारको उपयोग गर्ने।

(१०.५) दल सदस्यताको नियमित रुपमा नवीकरण गर्ने र दलको कार्यक्रमहरूमा सक्रिय भई जिज्ञासा, अवलोकन, सल्लाह, सुझाव र रचनात्मक आलोचना गर्ने।

## भाग – ३ तहगत संरचना

### ११. कार्यकारी समितिहरूः

(११.१) टोल समिति

(११.२) वडा समिति

(११.३) स्थानीय तह समिति

(११.४) प्रादेशिक समिति

(११.५) समन्वय समिति

(११.६) संघीय (केन्द्रीय) समिति

(११.७) संजाल समिति

(११.८) राष्ट्रिय महाधिवेशन

(११.९) राष्ट्रिय, प्रादेशिक, जिल्ला, स्थानीय तह, वडा तथा टोल परिषद्

### १२. संयोजनकारी समितिहरूः

(१२.१) प्रादेशिक संसदीय दल

(१२.२) संघीय संसदीय दल

(१२.३) जिल्ला समिति

(१२.४) प्रदेश/संघीय निर्वाचन क्षेत्र समिति

## १३. संघीय आयोग तथा विभागहरू

### (१३.१) स्वायत्त आयोगहरू

(१३.१.१) न्याय तथा सुशासन आयोग

(१३.१.२) निर्वाचन आयोग

(१३.१.३) कोष तथा लेखा परीक्षण आयोग

### (१३.२) संघीय (केन्द्रीय) विभागहरू

(१३.२.१) संगठन तथा रणनीति विभाग

(१३.२.२) नीति, अनुसन्धान तथा विश्लेषण विभाग

(१३.२.३) प्रशिक्षण तथा क्षमता विकास विभाग

(१३.२.४) अभियान तथा संजाल विभाग

(१३.२.५) सूचना तथा संचार विभाग

(१३.२.६) अन्तर्राष्ट्रिय सम्बन्ध तथा रक्षा मामिला विभाग

(१३.२.७) कार्यालय र सदस्यता व्यवस्थापन विभाग

(१३.२.८) अर्थ विभाग

(१३.२.९) अन्य विभागहरू

## भाग – ४

## तहगत कार्यकारी समितिहरूको अधिवेशन, निर्वाचन र संरचना

| *कार्यकारी समितिहरु* | *संयोजनकारी समितिहरु* | *स्वायत्त आयोगहरु* |
|---|---|---|
| **राष्ट्रिय परिषद्** | | |
| **राष्ट्रिय महाधिवेशन** | | |
| **संघीय समिति** अध्यक्ष, उपाध्यक्ष, सचिव (अभियान), सचिव (नीति), सचिव (प्रशिक्षण), प्रवक्ता तथा विभिन्न विभाग प्रमुखहरु सहित बढीमा ४५ सदस्यीय<br>**संजाल समिति** अध्यक्ष, उपाध्यक्ष, सचिव (अभियान), सचिव (नीति), सचिव (प्रशिक्षण), प्रवक्ता तथा विभिन्न समिति प्रमुखहरु सहित न्यूनतम ८ सदस्यीय | **संघीय संसदीय दल** | **न्याय तथा सुशासन आयोग**<br>**निर्वाचन आयोग** |
| **प्रादेशिक/प्रवास समिति**<br>अध्यक्ष, उपाध्यक्ष, सचिव (नीति), सचिव (प्रशिक्षण), अर्थ विभाग प्रमुख र कार्यालय तथा सदस्यता व्यवस्थापन विभाग प्रमुख सहित बढीमा ५१ सदस्यीय | **निर्वाचन क्षेत्र समिति**<br>**प्रादेशिक संसदीय दल** | **कोष तथा लेखा परीक्षण आयोग** |
| **स्थानीय तह समिति**<br>अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष सहित बढीमा ३०/४०/६०/७५ सदस्यीय | **जिल्ला समिति** | |
| **वडा समिति** अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष सहित ९ - ११ सदस्यीय | | |
| **टोल समिति** अध्यक्ष सहित ५ - ९ सदस्यीय | | |

## १४. टोल समिति

(१४.१) कुनै पनि टोलमा ५ जना वा सोभन्दा बढी व्यक्तिहरू दलको सदस्य भएमा वडा समिति वा माथिल्लो निकायसँगको समन्वयमा टोल समिति निर्माण गर्न सकिनेछ।

(१४.२) आपसी सहमति वा टोल समितिमा संलग्न सदस्यहरूको निर्वाचनद्वारा एक जना अध्यक्ष रहने गरी बढीमा ९ सदस्यीय टोल समितिको गठन गरिनेछ। समितिमा सम्भव भएसम्म समावेशी बनाउने तथा महिलाको ३३% प्रतिशत प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ।

(१४.३) कुनै वडाभित्र रहेका टोल समितिका सम्पूर्ण सदस्यहरू वडा सभाका सदस्यहरू हुनेछन्।

(१४.४) टोल समितिको सहमतिमा चयन भएका वा निर्वाचनद्वारा निर्वाचित अध्यक्ष वा सदस्यहरूलाई टोल समितिको साधारण बहुमतले फिर्ता बोलाउन सक्नेछ र सहमतिमा वा निर्वाचन गरेर नयाँ अध्यक्ष वा सदस्यहरू बनाइनेछ। टोल समितिका सदस्यहरू फिर्ता बोलाउनको लागि टोल परिषद्को प्रक्रिया मार्फत गरिनेछ। टोल परिषद् बोलाउन उक्त समिति निर्वाचित भएको एक वर्षपछि मात्र सकिनेछ। टोल परिषद्को अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१४.५) टोल समितिको कार्यकाल ४ वर्षको हुनेछ।

(१४.६) टोल समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## १५. वडा समिति

(१५.१) वडा समिति अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष सहित न्यूनतम ९ र बढीमा ११ सदस्यीय रहनेछ। अध्यक्ष र उपाध्यक्ष मध्ये न्यूनतम १ महिला, सचिव र कोषाध्यक्ष मध्ये न्यूनतम १ महिला हुनेछ। दलित समुदायको प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ । महिलाको प्रतिनिधित्व कम्तीमा ३३ प्रतिशत अनिवार्य हुनेछ। बाँकी खाली पदमा अध्यक्षको सिफारिसमा समितिले मनोनयन गरी पूर्ति गर्न सक्नेछ ।

(१५.२) टोल समितिका कोही पदाधिकारीहरू वडा समितिमा चयन भएमा अनिवार्य रुपमा टोल समितिबाट राजीनामा दिनुपर्नेछ। टोल समितिका अध्यक्ष वडा समितिको आमन्त्रित सदस्य रहनेछ।

(१५.३) वडा समितिमा निर्वाचित समिति सदस्यलाई तत्कालीन अद्यावधिक वडा सदस्यहरूको कुल संख्याको साधारण बहुमतले फिर्ता बोलाउन सक्नेछ। वडा समितिका सदस्यहरू फिर्ता बोलाउनको लागि वडा परिषद्को प्रक्रिया मार्फत गरिनेछ। वडा परिषद् बोलाउन उक्त समिति निर्वाचित भएको एक वर्षपछि मात्र सकिनेछ। रिक्त रहेको पदमा कार्यवाहकको हैसियतमा मनोनयन गर्न उक्त समितिले सक्नेछ। रिक्त पदको पदपूर्ति सम्बन्धित तहको निर्वाचनको जिम्मेवारी पाएको आयोगले तोकिएको विधि मार्फत गर्नेछ।

(१५.४) वडा समितिको कार्यकाल ४ वर्षको हुनेछ।

(१५.५) वडा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## १६. स्थानीय तह समिति

(१६.१) गाउँपालिकाको हकमा गाउँपालिका समिति बढीमा ३५ सदस्यीय, र नगरपालिका, उपमहानगर तथा महानगरको हकमा नगरपालिका, उपमहानगर तथा महानगर समिति बढीमा क्रमशः ४०, ६०, ७५ सदस्यीय

रहनेछ। स्थानीय तह समितिमा कम्तीमा ३३ प्रतिशत महिलाहरूको प्रतिनिधित्व तथा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

(१६.२) सम्बन्धित स्थानीय तह तत्कालीन अद्यावधिक सदस्यले प्रत्यक्ष निर्वाचनद्वारा १/१ जना अध्यक्ष र उपाध्यक्ष (दुई मध्ये न्यूनतम १ महिला), सचिव र कोषाध्यक्ष (दुई मध्ये न्यूनतम १ महिला) सहित खुलातर्फ २, महिला तर्फ १ र समावेशी प्रतिनिधित्व तर्फ २ निर्वाचनद्वारा चयन गर्नेछ। समितिमा समावेशी प्रतिनिधित्व अनिवार्य गराउनु पर्नेछ। वडा अध्यक्ष र उपाध्यक्षहरू स्थानीय तह समितिको पदेन सदस्य रहनेछन्। बाँकी खाली पदमा अध्यक्षको सिफारिसमा समितिले मनोनयन गरी पूर्ति गर्न सक्नेछ ।

(१६.३) स्थानीय तह समितिको निर्वाचनमा चयन भएमा कुनै पनि वडा वा टोल समितिको सदस्यले साविकको पदबाट राजीनामा दिनु पर्नेछ।

(१६.४) स्थानीय तहको समितिमा निर्वाचित सदस्यलाई निर्वाचन प्रयोजनको लागि सोही तहको तत्कालीन अद्यावधिक सदस्यको साधारण बहुमतले चाहेमा फिर्ता बोलाउन सक्नेछ । फिर्ता बोलाउन सक्ने अधिकारको विस्तृत कार्यविधि स्थानीय तह परिषद्को प्रक्रिया अनुसार हुनेछ। स्थानीय तह परिषद् बोलाउन उक्त समिति निर्वाचित भएको एक वर्षपछि मात्र सकिनेछ। रिक्त रहेको पदमा कार्यवाहकको हैसियतमा मनोनयन गर्न उक्त समितिले सक्नेछ। रिक्त पदको पदपूर्ति सम्बन्धित तहको निर्वाचनको जिम्मेवारी पाएको आयोगले तोकिएको विधि मार्फत गर्नेछ।

(१६.५) सम्बन्धित स्थानीय तहको समितिको कार्यकाल ४ वर्षको हुनेछ।

(१६.६) सम्बन्धित स्थानीय तहको समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ।

## १७. प्रादेशिक समिति

(१७.१) प्रादेशिक अधिवेशन सम्बन्धित प्रदेशका निर्वाचन प्रयोजनको लागि अद्यावधिक सदस्यहरूद्वारा प्रत्यक्ष निर्वाचित

- १/१ जना अध्यक्ष र उपाध्यक्ष (दुई मध्ये न्यूनतम १ महिला), सचिव (नीति) र सचिव (प्रशिक्षण) (दुई मध्ये न्यूनतम १ महिला), सचिव (अभियान) र प्रवक्ता (दुई मध्ये न्यूनतम १ महिला) गरी जम्मा **६** जना (माथि उल्लिखित पदहरूको निर्वाचनमा सहभागी हुँदा जोडाको रूपमा प्रतिस्पर्धा गर्नुपर्नेछ र मत उक्त जोडालाई नै प्रदान गरिनेछ ।);

- हरेक जिल्लाबाट जिल्ला समितिका अध्यक्ष तथा उपाध्यक्ष पदेन सदस्य (प्रदेश अनुसार **१६** देखि **२८** जना);

- प्रादेशिक महाधिवेशनमा प्रत्यक्ष निर्वाचित **१४** प्रादेशिक सदस्यहरू जसमा **५** खुल्ला, **४** महिला, **५** समावेशिता आधारमा निर्वाचित हुनेछन्; (समावेशीतालाई हरेक प्रदेशले आफ्नो जनसंख्याको बनावट हेरी र निर्वाचन आयोगले समानुपातिक प्रतिनिधित्वको लागि तोकेको सूची हेरी हेरफेर गर्न सक्नेछन्। तर दलित, फरक क्षमता भएका तथा लैंगिक अल्पसंख्यकको हकमा भने समावेशीता सुनिश्चित गर्नुपर्नेछ)

- माथि निर्मित प्रादेशिक समितिको बहुमतको अनुमोदनमा थप **३** सदस्यहरू (दलित, जनजाति, अल्पसंख्यक तथा देशलाई विशिष्ट योगदान दिएका व्यक्तिहरू वा तिनका परिवारका सदस्यहरू तथा विशेषज्ञ व्यक्तित्वहरू लगायतको मनोनयन सहित);

बनेको बढीमा **५१** सदस्यीय प्रादेशिक समिति हुनेछ। अनिवार्य रुपमा महिलाको प्रतिनिधित्व कम्तीमा ३३ प्रतिशत हुनेछ।

(१७.२) प्रादेशिक समितिमा निर्वाचित समिति सदस्यहरूलाई तत्कालीन अद्यावधिक सम्बन्धित प्रदेशका सदस्यहरूको साधारण बहुमतले चाहेमा फिर्ता बोलाउन सक्नेछ । फिर्ता बोलाउन सक्ने अधिकारको विस्तृत कार्यविधि प्रादेशिक तह परिषद्को प्रक्रिया अनुसार हुनेछ। प्रदेश परिषद्  बोलाउन उक्त समिति निर्वाचित भएको एक वर्षपछि मात्र सकिनेछ। रिक्त रहेको पदमा नयाँ सदस्य वा पदाधिकारीको रुपमा सोही तहका सदस्यहरूबाट सबभन्दा बढी मत पाउने व्यक्ति हुनेछ।

(१७.३) प्रादेशिक समितिको कार्यकाल ४ वर्षको हुनेछ।

(१७.४) प्रादेशिक समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

### १७.१.१ प्रवास समिति

प्रवास समितिलाई प्रदेश सरह मान्यता दिइनेछ। प्रवास समितिको हकमा मूलतः सदस्य संख्यालाई आधार मानी तर भौगोलिक प्रतिनिधित्वलाई पनि ध्यानमा राखी विभिन्न देशहरूको समूह, जसले जिल्ला सरहको मान्यता पाउनेछ, दलको निर्वाचन आयोगले तोके बमोजिम न्यूनतम १० र अधिकतम् १४ हुनेछन्। उक्त समूहहरूको हेरफेर महाधिवेशन सुरु हुने समयभन्दा कम्तीमा ६ महिना अगाडि नै निर्वाचन आयोगले गर्नु पर्नेछ ।

हरेक देशको समितिले स्थानीय तहका समिति सरहको मान्यता पाउनेछ भने देशभित्रका विभिन्न सहरका समितिहरूले वडा स्तरको मान्यता पाउनेछन्। सम्बन्धित समितिहरूको चयन विधि तथा काम, कर्तव्य तथा अधिकार निजहरूले मान्यता पाएको समकक्षी समितिको व्यवस्था अनुरुप हुनेछ।

प्रवास समितिको हकमा निर्वाचन, राष्ट्रिय परिषद् लगायत अन्य व्यवस्था माथि उल्लेखित प्रदेश सरह हुनेछ।




### समन्वय समिति

अध्यक्ष - President (दल/whole party)

उपाध्यक्ष - Vice-President (संगठन र रणनीति/organisation & strategy)

सचिव - Secretary (नीति, अनुसन्धान र विश्लेषण/policies, research & analysis)

सचिव -  Secretary (प्रशिक्षण तथा क्षमता विकास/Training & Skills Development)

सचिव - Secretary (अभियान र संजाल/campaign & network)

प्रवक्ता - Spokesperson (सूचना र संचार/media & communication/PR)

यो समिति संघीय महाधिवेशनमा सदस्यहरूद्वारा प्रत्यक्ष निर्वाचित हुनेछन् र संघीय समिति र संजाल समितिको पदेन सदस्य रहनेछन्। समन्वय समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १८. संघीय समिति

(१८.१) संघीय महाधिवेशनमा तत्कालीन अद्यावधिक दलका सम्पुर्ण सदस्यहरूद्वारा प्रत्यक्ष निर्वाचित

- १/१ जना अध्यक्ष र उपाध्यक्ष (दुई मध्ये न्यूनतम १ महिला), सचिव (नीति) र सचिव (प्रशिक्षण) (दुई मध्ये न्यूनतम १ महिला), सचिव (अभियान) र प्रवक्ता (दुई मध्ये न्यूनतम १ महिला) गरि जम्मा **६** जना (माथि उल्लिखित पदहरूको निर्वाचनमा सहभागी हुँदा जोडाको रूपमा प्रतिस्पर्धा गर्नुपर्नेछ र मत उक्त जोडालाई नै प्रदान गरिनेछ ।);

- ७ प्रदेश र १ प्रवासवाट **१६** जना प्रदेश अध्यक्ष तथा उपाध्यक्ष जसमध्ये एक पदमा महिला हुनु अनिवार्य छ; पदेन सदस्य;

- संघीय महाधिवेशनमा प्रत्यक्ष निर्वाचित **२०** संघीय सदस्यहरू जसमा **७** खुल्ला, **५** महिला, **८** समावेशिता (थारू - १, आदिवासी जनजाति - २, मधेसी - १, दलित - १, मुस्लिम - १, फरक क्षमता - १ र  लैंगिक अल्पसंख्यक -१) आधारमा निर्वाचित हुनेछन्;

- माथि निर्मित संघीय समितिले अध्यक्षको प्रस्तावमा बहुमतको अनुमोदनमा थप ३ सदस्यहरू (अल्पसंख्यक, देशलाई विशिष्ट योगदान दिएका व्यक्तिहरू वा तिनका परिवारका सदस्यहरू तथा विशेषज्ञ व्यक्तित्वहरू लगायत मनोनयन सहित);

बनेको बढीमा **४५** सदस्यीय संघीय समिति हुनेछ। अनिवार्य रुपमा महिलाको प्रतिनिधित्व कम्तीमा ३३ प्रतिशत हुनेछ।

(१८.२) निर्वाचित तथा मनोनित संघीय सदस्यहरूको अधिकार बराबर रहनेछ।

(१८.३) संघीय महाधिवेशनमा निर्वाचित संघीय समिति सदस्यहरूलाई संघीय राष्ट्रिय परिषद्को प्रक्रिया बमोजिम तत्कालीन अद्यावधिक दलका सम्पूर्ण सदस्यहरूको साधारण बहुमतले पदमुक्त गर्न सक्नेछ र नयाँ संघीय सदस्य निर्वाचित गरेर पठाउन सक्नेछन्।

(१८.४) यसरी पदमुक्त भएको सदस्यको रिक्त स्थानको परिपूर्ति प्रदेशबाट प्रतिनिधित्व गर्ने सदस्यको हकमा प्रादेशिक तहको व्यवस्था बमोजिम हुनेछ। संघीय तहबाटै निर्वाचित सदस्यहरूको हकमा रिक्त पदको पदपूर्ति सम्बन्धित तहको निर्वाचनको जिम्मेवारी पाएको आयोगले तोकिएको विधि मार्फत गर्नेछ । रिक्त स्थानको काम कारबाहीको लागि आवश्यक भएमा संघीय समितिले आफू मध्येबाट कार्यवाहकको व्यवस्था गर्न सक्नेछ। फिर्ता बोलाउन सक्ने अधिकारको विस्तृत कार्यविधि संघीय तह राष्ट्रिय परिषद्को प्रक्रिया अनुसार हुनेछ। राष्ट्रिय परिषद्  बोलाउन उक्त समिति निर्वाचित भएको एक वर्षपछि मात्र सकिनेछ ।

(१८.५) संघीय समितिको पदावधि ४ वर्षको हुनेछ। प्रतिकूल अवस्थामा बढीमा छ महिना कार्यकाल बढाउन सकिनेछ।

(१८.६) संघीय समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १९. संजाल समिति

(१९.१) संघीय महाधिवेशनमा सदस्यहरूद्वारा प्रत्यक्ष निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव (नीति), सचिव (प्रशिक्षण), सचिव (अभियान) र प्रवक्ता संजाल समितिमा पदेन सदस्यको रुपमा रहनेछन्। साथै, संघीय महाधिवेशनमा प्रत्यक्ष निर्वाचित १/१ जना अर्थ समिति प्रमुख र कार्यालय र सदस्यता व्यवस्थापन समिति प्रमुख (दुई मध्ये न्यूनतम १ महिला) निर्वाचित सदस्यहरू र यसरी निर्मित संजाल समितिको बहुमतको अनुमोदनमा गठित संजालहरूको प्रमुखहरू (पदेन) सहित बनेको न्यूनतम ८ सदस्यीय संजाल समिति हुनेछ। अनिवार्य रुपमा महिलाको प्रतिनिधित्व कम्तीमा ३३ प्रतिशत हुनेछ।

(१९.२) माथि उल्लेखित दुई समिति बाहेक, अन्य गठन हुने संजालको सदस्यहरू विवेकशीलको सदस्य हुन पर्ने बाध्यता छैन। यद्यपि, विवेकशीलको सदस्यहरू पनि संजालको प्रमुख, उपप्रमुख वा सदस्य रहेर काम गर्न सक्नेछन्।

(१९.३) सम्भावित संजालहरूः विद्यार्थी संजाल, महिला संजाल, पुरुश संजाल, पर्यावरण संजाल, हिंसा विरुद्ध संजाल, आर्थिक र उद्यमी संजाल इत्यादि।

(१९.४) संजालहरूलाई भ्रातृ संगठनको रुपमा हेरिने छैन। संजालहरूको लक्ष्य र कार्याविधि तोकिए वमोजिम हुनेछ।

(१९.५) संजाल समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ।

(१९.६) प्रदेश समितिले प्रादेशिक सञ्जालको गठनको लागि आग्रह गरेमा संघीय समितिले आवश्यक निर्णय लिनेछ ।

सबै तहका कार्यकारी समितिमा निर्वाचित तथा मनोनित सदस्यहरूको अधिकार तथा कर्तव्य बराबर हुनेछ ।

## २०. राष्ट्रिय महाधिवेशन

(२०.१) राष्ट्रिय महाधिवेशन दलको सर्वोच्च निकाय हुनेछ ।

(२०.२) संघीय समितिले राष्ट्रिय महाधिवेशन आयोजक समिति गठन गर्नेछ।

(२०.३) प्रत्येक ४ वर्षमा दलको राष्ट्रिय महाअधिवेशन हुनेछ। प्रतिकूल अवस्थामा बढीमा ६ महिना अवधि बढाउन सकिनेछ।

(२०.४) तत्कालीन अद्यावधिक दलका सम्पूर्ण सदस्यहरूको प्रत्यक्ष सहभागितामा महाधिवेशन हुनेछ ।

(२०.५) दलको नीति, कार्यक्रम, विधान, राजनीतिक प्रतिवेदन (घोषणापत्र) आदि महत्वपूर्ण नीतिगत निर्णयहरू महाधिवेशने गर्नेछ।

(२०.६) राष्ट्रिय महाधिवेशनको सबै तहगत निर्वाचन तथा त्यसको विवरण अद्यावधिक गर्ने काम निर्वाचन आयोगको हुनेछ।

(२०.७) राष्ट्रिय महाअधिवेशनको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## २१. राष्ट्रिय परिषद्

(२१.१) आवधिक रूपमा हरेक वर्षमा राष्ट्रिय परिषद् सम्मेलन गर्ने जसले महाधिवेशनले गरेका निर्णयहरूको कार्यान्वयनको विषयमा समीक्षा गर्दै यदि आवश्यक भएमा अर्को वर्षसम्मका लागि लक्ष्य परिमार्जन गर्नेछ। साथै पछिल्लो अद्यावधिक सदस्य संख्याको एक तिहाइ सदस्यहरूले लिखित रुपमा विशेष प्रयोजनका लागि (फिर्ता बोलाउने वा सम्बन्धित समितिको निर्णय हेरफेरका लागि) प्रस्ताव पनि त्यसै सभामा दर्ता गर्नुपर्नेछ। अन्य तहगत समितिका परिषद्हरू पनि बोलाई यही विधि मार्फत काम अगाडि बढाइनेछ ।

(२१.२) राष्ट्रिय परिषद् वा सम्बन्धित तहका कार्यकारी समितिका सदस्यलाई फिर्ता बोलाउने वा सम्बन्धित समितिको निर्णय हेरफेरका लागि हुने प्रस्तावमा छलफल गर्नको लागि सम्बन्धित तहको बहुमत ५०%+१ पछिल्लो अद्यावधिक सदस्य संख्या उपस्थित (प्रत्यक्ष) वा सहभागी (अनलाईन) हुनुपर्नेछ। अन्यथा राष्ट्रिय परिषद्को मुद्दा खारेज भएको ठहर्नेछ। प्रक्रिया सुरु हुनु अघि न्यूनतम ९० दिन सदस्यता रहेको सदस्यहरूले मात्र भाग लिन पाउनेछन्।

(२१.३) फिर्ता बोलाउने वा सम्बन्धित समितिको निर्णय हेरफेरको प्रस्ताव राखिएको सम्बन्धित तहको परिषद्को बैठकमा उक्त प्रस्तावको हकमा समन्वय गर्ने काम सम्बन्धित तहको लागि जिम्मेवार न्याय तथा सुशासन आयोगले गर्नेछ।

(२१.४) राष्ट्रिय वा तहगत परिषद् आह्वान भएपछि फिर्ता बोलाउने वा सम्बन्धित तहको निर्णय हेरफेर गर्ने सम्बन्धमा कुनै प्रस्ताव पेश भएको भए त्यसलाई प्रभावित पार्ने गरी सम्बन्धित कार्यकारी समितिले कुनै निर्णय गर्न पाउने छैन।

(२१.५) राष्ट्रिय परिषद् महाधिवेशनपछिको सर्वोच्च निकाय रहनेछ।

(२१.६) राष्ट्रिय परिषद् बाट कुनै तहका समितिका कोही सदस्यलाई फिर्ता बोलाएको खण्डमा त्यो निर्णय भएको छ महिनाभित्र उप-निर्वाचन सम्पन्न गर्ने गरी मिति तय गर्नेछ। तर उक्त समितिको कार्यावधि एक वर्षभन्दा कम

भएमा रिक्त पदमा सम्बन्धित कार्य समितिले मनोनयन गर्न वाधा पर्ने छैन। सम्बन्धित तहको कार्य समितिमा मनोनयन गर्दा अन्य समयमा उक्त समितिमा मनोनयन गर्दाको विधिबाट मनोनयन गरिनेछ।

(२१.७) राष्ट्रिय परिषद्ले महाधिवेशन आह्वान गर्न पाउने छैन।

## २२. पदावधि

(२२.१) नियमित समयान्तरमा पद हस्तान्तरण सुनिश्चित गर्न सबै पदमा पदावधि सम्बन्धी हदबन्दी लगाइनेछ। एउटै कार्यकारी पदमा लगातार २ कार्यकालभन्दा बढी कुनै पनि सदस्य निर्वाचित हुने छैन। न्यूनतम एक कार्यकाल विराम गर्नुपर्नेछ।

(२२.२) मनोनयनबाट कुनै पदमा एक पटक भन्दा बढी सदस्य बन्न पाइने छैन ।

(२२.३) पार्टीको निर्वाचित संघीय अध्यक्ष दुई कार्यकालपछि फेरि अध्यक्ष पदको निर्वाचनमा प्रतिस्पर्धा गर्न पाउने छैन। अरु पदमा उम्मेदवारी दिन वा मनोनित हुन बन्देज रहने छैन।

**भाग – ५**

## तहगत समन्वयकारी समितिहरूको संरचना र निर्वाचन

## २३. संघीय संसदीय दल

(२३.१) प्रत्यक्ष तथा समानुपातिक पद्धतिबाट निर्वाचित प्रतिनिधि सभाका सदस्यहरू तथा राष्ट्रिय सभाका सदस्यहरू संघीय संसदीय दलका सदस्य हुनेछन् ।

(२३.२) संघीय संसदीय दलको प्रत्यक्ष निर्वाचनद्वारा संघीय संसदीय दलको नेता, उप नेता, प्रमुख सचेतक तथा सचेतकहरू छानिनेछन् ।

(२३.३) संसदीय दलको कार्यावधि संसदको समयावधि नसकिएसम्म हुनेछ ।

(२३.४) संसदीय दलको काम, कर्तव्य र अधिकार संघीय समितिद्वारा स्वीकृत संघीय संसदीय दलको विधान अनुसार हुनेछ ।

## २४. प्रादेशिक संसदीय दल

(२४.१) प्रत्यक्ष तथा समानुपातिक निर्वाचन पद्धतिद्वारा निर्वाचित प्रदेश सभा सदस्यहरू प्रादेशिक संसदीय दलका सदस्य हुनेछन् ।

(२४.२) प्रादेशिक संसदीय दलको प्रत्यक्ष निर्वाचनद्वारा प्रादेशिक संसदीय दलको नेता, उप-नेता, प्रमुख सचेतक तथा सचेतकहरू छानिनेछन् ।

(२४.३) प्रादेशिक संसदीय दलको कार्यावधि प्रदेश सभाको समयावधि नसकिएसम्म हुनेछ ।

(२४.४) प्रादेशिक संसदीय दलको काम, कर्तव्य र अधिकार प्रादेशिक समितिद्वारा प्रस्ताव गरी संघीय समितिद्वारा स्वीकृत प्रादेशिक संसदीय दलको विधान अनुसार हुनेछ।

## २५. जिल्ला समिति

(२५.१) प्रत्येक जिल्लाका स्थानीय तहहरूको कामको समन्वयन तथा स्थानीय तथा तह र प्रदेशबीच सञ्चार तथा सम्पर्कलाई सहजीकरण गर्नको लागि एक जिल्ला समिति गठन गरिनेछ। यो समितिको भूमिका कार्यकारी रहने छैन।

(२५.२) उक्त समितिमा जिल्लामा बहाल रहेका निर्वाचन प्रयोजनको लागि अद्यावधिक गरिएका सदस्यहरूले मतदान गरी निम्न बमोजिम चयन गरिनेछ।

अध्यक्ष र उपाध्यक्ष, जसमध्ये एक महिला अनिवार्य रहने।

सचिव र कोषाध्यक्ष, जसमध्ये एक महिला अनिवार्य रहने।

हरेक स्थानीय तहका अध्यक्ष र उपाध्यक्ष पदेन सदस्य।

(२५.३) जिल्ला समितिको कार्यकाल चार वर्षको रहनेछ। यसको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## २६. निर्वाचन क्षेत्र समिति

(२६.१) प्रत्येक संघीय/प्रादेशिक निर्वाचन क्षेत्रको सीमाभित्र पर्ने गाउँपालिका/नगरपालिका समितिका पदाधिकारीहरू, तथा उक्त संघीय/प्रादेशिक निर्वाचन क्षेत्रबाट निर्वाचित/मनोनित संघीय सदस्यहरू, प्रत्यक्ष/समानुपातिक जनप्रतिनिधिहरू पदेन रुपमा उक्त संघीय/प्रादेशिक निर्वाचन क्षेत्र समितिका सदस्यहरू हुनेछन्।

(२६.२) संघीय/प्रादेशिक निर्वाचन क्षेत्र संयोजन समितिको अध्यक्षको भूमिका उक्त क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिले गर्नेछन्। यदि प्रत्यक्ष निर्वाचित जनप्रतिनिधि नभएमा समानुपातिकबाट निर्वाचित जनप्रतिनिधिले गर्नेछन्।

(२६.३) यदि उक्त संघीय/प्रादेशिक निर्वाचन क्षेत्रमा दलको कुनै पनि जनप्रतिनिधि नभएको खण्डमा उक्त संघीय/प्रादेशिक निर्वाचन क्षेत्र समितिका पदेन सदस्यहरूको भेला गरेर उक्त समितिको संयोजकको चयन गरी जिल्ला समितिलाई सिफारिस गर्नेछ । उक्त सिफारिस बमोजिम जिल्ला समितिले संयोजक चयन गर्नेछ ।

(२६.४) संघीय/प्रादेशिक निर्वाचन क्षेत्र समितिको कार्यकाल प्रत्येक संघीय/प्रादेशिक निर्वाचन समापन नभएसम्म रहनेछ।

(२६.५) संघीय/प्रादेशिक निर्वाचन क्षेत्र समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**भाग – ६**

## संघीय आयोगहरूको गठन तथा कार्यविधि

## २७. न्याय तथा सुशासन आयोग

(२७.१) दलभित्र मूल्य मान्यताको रक्षा एवम् प्रवर्द्धन गर्न, सुशासन स्थापना र त्यसको निरन्तरताका लागि आन्तरिक अनुशासन, तथा संस्थागत/नीतिगत पारदर्शिता र न्याय सम्पादन गर्न संघीय समितिले अधिकार सम्पन्न र स्वायत्त आयोगको रुपमा 'न्याय तथा सुशासन आयोग' गठन गर्नेछ ।

(२७.२) न्याय तथा सुशासन आयोग संघीय, प्रादेशिक तथा जिल्ला तहमा हुनेछ । संघीय तहमा प्रमुख आयुक्त सहित आठ जना आयुक्तहरू तथा प्रादेशिक तहमा प्रमुख आयुक्त सहित पाँच जना आयुक्त हुनेछन् भने जिल्ला तहमा एक प्रमुख आयुक्त सहित तीन आयुक्त हुनेछन् । उनीहरूको नियुक्ति सम्बन्धित तहका समितिहरूले गर्नेछन् ।

(२७.३) तिनै तहका न्याय तथा सुशासन आयोगका प्रमुख आयुक्त नियुक्त गर्दा सम्बन्धित समितिहरूले सकेसम्म दलको माथिल्लो तहमा सक्रिय रहेका तर अन्य जिम्मेवारी भूमिकामा नरहेका वा स्वतन्त्र पारदर्शी तथा उच्च नैतिकवान् व्यक्तित्वलाई नियुक्त गरिनेछ। आयुक्तहरूको नियुक्ति गर्दा सम्बन्धित समितिको कुनै सदस्यमाथि मुद्दा परेको छ भने, सो सदस्यले नियुक्ति प्रक्रियामा भाग लिन पाउने छैन।

(२७.४) न्याय तथा सुशासन आयोगको काम तथा कर्तव्यहरू:

(क) सक्रियताका साथ दलको मूल्य मान्यताको संवर्धन गर्ने ।

(ख) दलको आचार संहिताको पालनाको सुनिश्चितता गर्ने ।

(ग) दल सदस्यहरूलाई दलको सुसंस्कार तथा तदनुरुपका मूल्य मान्यता बारे नियमित प्रशिक्षण दिने ।

(घ) संगठनात्मक संस्कृति अनुरुप हरेक सदस्यले 'गर्नै पर्ने' र 'गर्नै नहुने' व्यवहार लगायतका अपरिहार्य गतिविधिको लागत तयार पार्ने र निरन्तर अद्यावधिक गर्दै दल भित्र अन्तरिक लोकतन्त्रको सम्मान गर्दै आन्तरिक अनुशासन कायम गर्ने ।

(ङ) दल भित्र वा बाहिरबाट उजुरी लिने, छानविन गर्ने र उपयुक्त निर्णयमा पुग्ने तथा सो निर्णयको कार्यान्वयन गर्ने/गराई आन्तरिक न्याय सम्पादन गर्ने ।

(च) यस आयोग र यसका मातहतका लागि चाहिने कार्यविधिहरू तयार गर्ने, संघीय समितिबाट पारित गर्ने र त्यसको अद्यावधिक गर्ने ।

(२७.५) प्रत्येक आयुक्तहरूको पदावधि ४ वर्षको हुनेछ र बढीमा २ पटक नियुक्ति हुन सक्नेछन् ।

(२७.६) आयुक्तहरूको मनोनयन निम्न आधारमा गरिनेछ:

- निष्ठावान् व्यक्ति वा दल सदस्य;

- दल भित्र अन्य कुनै पदमा हाल बहाल नरहेका वा राष्ट्रिय राजनीतिको क्षेत्रमा हाल लाभको पदमा नभएका दल सदस्य;
- विवेक, करुणा, समानुभूतिका साथ दलको मुल्य मान्यता, विधान र आन्तरिक नीति नियमलाई स्पष्ट व्याख्या गर्दै कुरा बुझाउने क्षमता भएका तथा निष्पक्ष निर्णय लिन सक्ने दलका सदस्यहरू ।

(२७.७) आयुक्त/सदस्यहरूको पदावधि अन्त्य हुने अवस्थाः

- मृत्यु भएमा;
- सम्बन्धित समितिले महाअभियोग लगाई दुई तिहाइ बहुमतले पारित गरेमा;
- राजीनामा दिई स्वीकृत भएमा;
- पदीय दायित्व विपरीत कार्य गरेको प्रमाणित भएमा।

(२७.८) न्याय तथा सुशासन आयोगले गरेका आयोगका निर्णयहरू बाध्यकारी हुनेछन् तर चित्त नबुझेको खण्डमा पुनरावेदनको हक सदस्यहरूमा निहित रहनेछ। अन्तिम पुनरावेदन संघीय न्याय तथा सुशासन आयोगले सुन्नेछ । प्रदेश तथा संघीय सांसदहरूले सम्बन्धित संसदीय दलको निर्देशन उलङ्घन गरेको अवस्थामा त्यसको उजुरी सम्बन्धी मुद्दामा पहिलो मुद्दा हेर्ने निकाय संघीय न्याय तथा सुशासन आयोग रहनेछ र यसले गरेको निर्णय बमोजिमको सिफारिसको बारेमा अन्तिम निर्णय संघीय समितिले गर्नेछ।

(२७.९) यस दफामा उल्लेख भएको क्षेत्राधिकारभित्र रही तहगत न्याय तथा सुशासन आयोगले आवश्यकता अनुसार नियमावलीहरू तर्जुमा गर्नेछ जसलाई तहगत कार्यकारी समितिले पारित गरेपछि कार्यान्वयनमा जानेछ।

## २८. निर्वाचन आयोग

(२८.१) दलभित्र हुने आन्तरिक तहगत निर्वाचन सम्पन्न गर्न तथा राष्ट्रिय निर्वाचनमा उम्मेदवार छनोट प्रक्रिया सहजीकरणको लागि संघीय समितिले अधिकार सम्पन्न र स्वायत्त आयोगको रुपमा 'निर्वाचन आयोग' गठन गर्नेछ ।

(२८.२) निर्वाचन आयोग संघीय, प्रादेशिक तथा जिल्ला तहमा हुनेछ। संघीय तहमा प्रमुख आयुक्त सहित आठ जना आयुक्तहरू तथा प्रादेशिक तहमा प्रमुख आयुक्त सहित पाँच जना आयुक्त तथा र जिल्ला तहमा प्रमुख आयुक्त सहित तीन जना आयुक्तहरू हुनेछन् जसको नियुक्ति सम्बन्धित तहका समितिहरूले गर्नेछन्।

(२८.३) तिनै तहका प्रमुख निर्वाचन आयुक्त नियुक्त गर्दा सम्बन्धित समितिहरूले सकेसम्म दलको माथिल्लो तहमा रहेका वा स्वतन्त्र, उच्च नैतिकवान तथा राष्ट्रिय निर्वाचनको क्षेत्रमा ख्याति प्राप्त विज्ञलाई नियुक्ति दिइनेछ। नियुक्ति गर्दा सम्बन्धित समितिको कुनै सदस्यमाथि निर्वाचन सम्बन्धी उजुरीमा मुद्दा परेको छ भने, सो सदस्यले नियुक्ति प्रक्रियामा भाग लिन पाउने छैन ।

(२८.४) निर्वाचन आयोगको काम तथा कर्तव्यहरू:

(क) निष्पक्ष ढंगले निर्वाचन कार्य सम्पन्न गराउने।

(ख) निर्वाचन सम्बन्धि नीति नियम तथा आचार संहिता बनाई पालनाको सुनिश्चितता गर्ने।

(ग) 'प्राइमरी' मा आधारित राष्ट्रिय चुनावमा उम्मेदवार छनोट प्रक्रिया सहजीकरण गर्ने ।

(घ) यस आयोग र यसका मातहतका आयोगका लागि चाहिने नियमावली तथा कार्यविधिहरू तयार गर्ने, संघीय समितिबाट पारित गर्ने र त्यसको अद्यावधिक गर्ने ।

(२८.५) प्रत्येक आयुक्तहरूको पदावधि ४ वर्षको हुनेछ र बढीमा २ पटक नियुक्ति हुन सक्नेछ ।

(२८.६) आयुक्तहरूको मनोनयन निम्न आधारमा गरिनेछ

- निष्ठावान् व्यक्ति वा दल सदस्य;

- दल भित्र अन्य कुनै पदमा बहाल नभएका वा राष्ट्रिय राजनीतिको क्षेत्रमा हाल लाभको पदमा नभएका दल सदस्य;
- निष्पक्ष निर्णय लिन सक्ने व्यक्ति वा दल सदस्यहरू।

(२८.७) आयुक्त/सदस्यहरूको पदावधि अन्त्यः

- मृत्यु भएमा;
- सम्बन्धित तहगत समितिले महाअभियोग लगाई दुईतिहाइ बहुमतले पारित गरेमा;
- राजीनामा दिई स्वीकृत भएमा;
- पदीय दायित्व विपरीत कार्य गरेको प्रमाणित भएमा ।

## २९. कोष तथा लेखा परीक्षण आयोग

(२९.१) दल तथा सदस्यहरूको दीगोपना तथा संघीय आर्थिक कार्यविधि अनुरुप पारदर्शी रुपमा नियमित लेखा परीक्षणको निम्ति अधिकार सम्पन्न र स्वायत्त आयोगको रुपमा कोष तथा लेखा परीक्षण आयोग गठन गरिनेछ।

(२९.२) संघीय तथा प्रादेशिक तहमा कोष तथा लेखा परीक्षण आयोग तथा स्थानीय तहमा लेखा परीक्षण समितिको व्यवस्था गरिनेछ।

(२९.३) संघीय तहमा प्रमुख आयुक्त सहित आठ जना आयुक्तहरू तथा प्रादेशिक तहमा प्रमुख आयुक्त सहित पाँच जना आयुक्त हुनेछन् जसको नियुक्ति सम्बन्धित समितिहरूले गर्नेछन् । साथै, स्थानीय तहमा कोषाध्यक्षको संयोजकत्वमा ३ सदस्य समिति हुनेछ ।

(२९.४) दुवै तहको प्रमुख आयुक्त नियुक्त गर्दा सम्बन्धित समितिहरूले उच्च नैतिकवान् अर्थ विज्ञलाई नियुक्ति दिइनेछ। नियुक्ति गर्दा सम्बन्धित समितिको कुनै सदस्य माथि मुद्दा परेको छ भने, सो सदस्यले नियुक्ति प्रक्रियामा भाग लिन पाउने छैन।

(२९.५) संघीय तथा प्रादेशिक आयोगहरूले आ-आफ्नो लेखा परीक्षण प्रतिवेदन क्रमश संघीय समिति र प्रदेश समितिमा प्रस्तुत गर्नेछन् र दुवै तहका लेखा परीक्षण प्रतिवेदनहरू संघीय तथा प्रादेशिक कोषाध्यक्षहरूले महाधिवेशन/अधिवेशनमा प्रस्तुत गरेपछि अनुमोदन गरिनेछ ।

(२९.६) प्रत्येक आयुक्तहरूको पदावधि ४ वर्षको हुनेछ र बढीमा २ पटक नियुक्त हुन सक्नेछन् ।

(२९.७) आयुक्तहरूको मनोनयन निम्न आधारमा गरिनेछ:

- निष्ठावान् व्यक्ति वा दल सदस्य;
- दल भित्र अन्य कुनै पदमा बहाल नरहेका तथा राष्ट्रिय राजनीतिको क्षेत्रमा हाल लाभको पदमा नभएका दल सदस्य;
- निष्पक्ष निर्णय लिन सक्ने व्यक्ति वा दल सदस्यहरू ।

(२९.८) आयुक्त/सदस्यहरूको पदावधि अन्त्य:

- मृत्यु भएमा;
- सम्बन्धित समितिले महाभियोग लगाई दुईतिहाइ बहुमतले ले पारित गरेमा;
- राजीनामा दिई स्वीकृत भएमा;
- पदीय दायित्व विपरीत कार्य गरेको प्रमाणित भएमा ।

**भाग – ७**

## संघीय विभागहरूको गठन तथा कार्यविधि

दलको तहगत समितिहरूले आफ्ना कार्यहरूलाई थप व्यवस्थित बनाउनको लागि तथा कार्य विभाजन तथा विषयगत दक्षता हासिल गराउनको लागि तहगत विभागहरूको गठन, जिम्मेवारी हेरफेर लगायतका कामहरू यस विधानमा भए बमोजिम तथा तोकिएका अन्य व्यवस्था बमोजिम गर्न सक्नेछ । प्रदेश वा स्थानीय तहमा गठन गरिने विभागहरू आवश्यकता अनुसार संघीय विभागहरूको खाका अनुरूप गर्न सकिनेछ ।

## ३०. संगठन तथा रणनीति विभाग

(३०.१) दलको संघीय, प्रादेशिक तथा स्थानीय तहमा सांगठनिक गतिविधिहरू नियमित रुपमा सञ्चालनको लागि र दलगत रणनीति बनाउन र कार्यान्वयन गर्नको लागि तहगत संगठन तथा रणनीति विभागको गठन गरिनेछ।

(३०.२) प्रत्येक तहगत संगठन तथा रणनीति विभागहरू सम्बन्धित कार्यकारी समितिप्रति उत्तरदायी रहनेछन् ।

(३०.३) संगठन तथा रणनीति विभागका सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ।

(३०.४) दलको संगठन तथा रणनीति विभागको नेतृत्व संघीय तहमा संघीय समितिको उपाध्यक्षले र प्रादेशिक वा अन्य तहमा सो तह समितिका उपाध्यक्षले गर्नेछ। संघीय संगठन तथा रणनीति विभागमा प्रदेश संगठन उपाध्यक्ष स्थायी आमन्त्रित सदस्य हुनेछन्। प्रादेशिक संगठन विभागमा स्थानीय तहका उपाध्यक्षहरू स्थायी आमन्त्रित सदस्य हुनेछन्। अन्य सदस्यहरू तोकिए बमोजिम हुनेछन्।

(३०.५) संगठन तथा रणनीति विभागको नियमित जानकारी दलको तहगत समितिहरूलाई गरिनेछ।

## ३१. नीति, अनुसन्धान तथा विश्लेषण विभाग

(३१.१) संघीय संसद, प्रदेश सभा तथा स्थानीय तहमा हुने विभिन्न नीतिगत विधेयकहरूमा समान धारणा निर्माण गर्न र दलको नीति र धारणा निर्माण गर्न संघीय र प्रादेशिक तहमा नीति, अनुसन्धान तथा विश्लेषण विभाग गठन गरिनेछ।

(३१.२) सम्बन्धित तहको नीति, अनुसन्धान तथा विश्लेषण विभागले तय गर्ने नीतिमा आफ्ना धारणा राख्न इच्छुक भएमा त्यसको बारेमा लिखित जानकारी तत् तत् विभागमा दिनुपर्नेछ। नीतिको मस्यौदा तयार गर्नु अगाडि र पछाडि आम सदस्यहरूको सुझाव प्रतिक्रिया लिनुपर्नेछ ।

(३१.३) संघीय नीति, अनुसन्धान तथा विश्लेषण विभागमा प्रदेश संगठन सचिव स्थायी आमन्त्रित सदस्य हुनेछन्। अन्य सदस्यहरू तोकिए बमोजिम हुनेछन्।

(३१.४) संघीय नीति, अनुसन्धान तथा विश्लेषण विभागको नेतृत्व दलको संघीय सचिव (नीति) ले र प्रादेशिक तथा स्थानीय तहमा सोही तहका उही पदका पदाधिकारीले गर्नेछन्।

## ३२. प्रशिक्षण तथा क्षमता विकास विभाग

(३२.१) दललाई चाहिने विभिन्न विषयगत र राजनीतिक नेतृत्वहरूको निर्माण गर्न दलको संघीय, प्रादेशिक तथा स्थानीय तहमा प्रशिक्षण तथा क्षमता विकास विभागहरू गठन गरिनेछ।

(३२.२) क्षमता विकासको लागि विभागले अन्य संघसंस्थाहरूसँग समन्वय गरी दलका सदस्यहरूलाई विभिन्न प्रशिक्षण वा तालिमहरू दिनेछ।

(३२.३) संघीय प्रशिक्षण तथा क्षमता विभागमा प्रादेशिक प्रशिक्षण तथा क्षमता विकास विभागको प्रमुख स्थायी आमन्त्रित सदस्य हुनेछन्। अन्य सदस्यहरू तोकिए बमोजिम हुनेछन्।

(३२.४) प्रशिक्षण तथा क्षमता विकास विभागको नेतृत्व दलको संघीय सचिव (प्रशिक्षण) ले र प्रादेशिक तथा स्थानिय तहमा सोही तहका उही पदका पदाधिकारीले गर्नेछन् ।

## ३३. अभियान तथा संजाल विभाग

(३३.१) दलले नागरिकहरूको चासोको विषयमा सञ्चालन गर्ने विभिन्न राजनीतिक र सामाजिक अभियानहरूको योजना बनाई कार्यन्वयन गर्न संघीय तहमा मात्र अभियान तथा संजाल विभाग गठन गरिनेछ।

(३३.२) यस विभाग अन्तर्गत दलका विभिन्न संजालहरू गठन गरिनेछ।

(३३.३) यस विभागको नेतृत्व दलको सचिव (अभियान) ले गर्नेछ।

## ३४. सूचना तथा सञ्चार विभाग

(३४.१) दलको सूचना तथा सञ्चारलाई व्यवस्थित गर्नको लागि संघीय तथा प्रादेशिक तहमा 'सूचना तथा सञ्चार विभाग' गठन गरिनेछ।

(३४.२) सूचना तथा सञ्चार विभागको नेतृत्व संघीय तहमा संघीय प्रवक्ताले तथा प्रादेशिक तहमा प्रादेशिक प्रवक्ताले गर्नेछन्।

(३४.३) प्रादेशिक 'सूचना तथा सञ्चार विभाग'का नेतृत्वहरू स्थायी आमन्त्रित सदस्यका रूपमा तथा दलको वेबपेजका प्रधान सम्पादक पदेन रुपमा संघीय  सूचना तथा सञ्चार विभागका सदस्यहरू हुनेछन्।

(३४.४) दलको सञ्चार नीति, दलको सूचनाको संकलन तथा दलका सामाजिक सञ्जालहरूको सञ्चालनको कार्य सूचना तथा सञ्चार विभागको हुनेछ।

(३४.५) विभिन्न सञ्चार माध्यमहरू (टेलिभिजन/रेडियो/पत्रपत्रिका/अनलाइन)मा सम्पर्क गरी दलका नीति तथा कार्यक्रमहरूलाई व्यापक प्रचार/प्रसार गर्ने, प्रकाशित लेख/रचनाहरूलाई वेबपेज/सामाजिक सञ्जालहरू मार्फत थप प्रचार गर्ने तथा दलको ब्राण्डिङमा सहयोग गर्नेछ।

## ३५. अन्तर्राष्ट्रिय सम्बन्ध तथा रक्षा मामिला विभाग

(३५.१) अन्तर्राष्ट्रिय सम्बन्ध, कुटनीतिक नियोगसँग सम्पर्क, रक्षा तथा विदेश मामिला सम्बन्धी कार्य गर्न संघीय तहमा मात्र अन्तर्राष्ट्रिय सम्बन्ध तथा रक्षा मामिला विभागको गठन गरिनेछ।

(३५.२) अन्तर्राष्ट्रिय सम्बन्ध तथा रक्षा मामिला विभागको नेतृत्व दलको संघीय समिति सदस्यले गर्नेछन्।

(३५.३) अन्य सदस्यहरूको हकमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा रक्षा मामिला विभागले दलभित्र रहेका विदेश विज्ञ नेताहरू तथा अन्य विज्ञ दल सदस्यहरूलाई विभागमा राख्न सक्नेछ। आवश्यक परेमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा रक्षा मामिला विभागले अन्य विभागहरूसँग समन्वय गरेर कार्य गर्न सक्नेछ।

(३५.४) अन्तर्राष्ट्रिय सम्बन्ध तथा रक्षा मामिला विभाग कुनै पनि सांगठनिक गतिविधिमा संलग्न हुने छैन। तर आवश्यक नीतिगत सल्लाह सुझावहरू लिन भने स्वतन्त्र छ।

(३५.५) अन्तर्राष्ट्रिय सम्बन्ध तथा रक्षा मामिला विभागले विषयवस्तुको गम्भीरतालाई हेरेर आवश्यकतानुसार दलको अध्यक्ष, समन्वय समिति तथा संघीय  समितिमा आवश्यक जानकारी उपलब्ध गराउनेछ।

## ३६. कार्यालय र सदस्यता व्यवस्थापन विभाग

(३६.१) दलको कार्यालय र सदस्यहरूको व्यवस्थापन गर्नको लागि तहगत रुपमा कार्यालय तथा व्यवस्थापन विभागहरू गठन गरिनेछन्।

(३६.२) यस विभागले दलको विधान र सदस्यता सम्बन्धी तोकिएको व्यवस्था अनुसार सदस्यता व्यवस्थापन गर्नेछ।

(३६.३) दलको तहगत कार्यालय तथा सदस्यता व्यवस्थापन अन्तर्गतको सम्पूर्ण जिम्मेवारी तहगत विभागले लिनेछ वा सो नभएको अवस्थामा तोकिए बमोजिम हुनेछ ।

(३६.४) दलको बिभिन्न विभागहरूले संचालन गर्ने कार्यक्रमहरूलाई तहगत विभागले समन्वय र सहयोग गर्नेछ।

## ३६.१ कार्यालय र सदस्यता व्यवस्थापन समिति

(३६.१.१) कार्यान्वयन र व्यवस्थापन संजाल समितिले तोके बमोजिम हुनेछ।

## ३७. अर्थ विभाग

(३७.१) दल सन्चालन गर्न आवश्यक स्रोत संकलन र व्यवस्थापन गर्न अर्थ विभाग रहनेछ।

(३७.२) यस विभागले आर्थिक पारदर्शिता, आर्थिक दिगोपनका निमित्त कोष तथा लेखा परीक्षण आयोगले संगठन तथा सदस्यको लागि दिने आर्थिक अभिवृद्धि व्यवस्थापन सम्बन्धी सुझावहरूलाई कार्यान्वयन गर्नेछ।

## ३७.१ अर्थ समिति

(३७.१.१) कार्यान्वयन र व्यवस्थापन संजाल समितिले तोके बमोजिम हुनेछ।

### ३७.२ अन्य विभागहरू

(३७.२.१) कानुनमा दक्षता राख्ने संघीय सदस्यको मातहतमा कानूनी मामिला विभाग बनाइनेछ। सो विभागको काम, कर्तव्य र अधिकार संघीय समितिले बनाए बमोजिम हुनेछ।

(३७.२.२) साथै उद्यमशीलता विभाग, समावेशिता विभाग र दलको आवश्यकता अनुसार आफ्नो उद्देश्य प्राप्तिका लागि बिज्ञान तथा प्रविधि विभाग लगायतका अन्य विभागहरू पनि गठन गरिनेछ।

## भाग - ८

## तहगत कार्यकारी समितिहरूको काम, कर्तव्य र अधिकार

### ३८. टोल समितिको काम, कर्तव्य र अधिकार

(३८.१) टोलमा ५ जनाभन्दा बढी सदस्यहरू भएमा टोल समिति निर्माण गरी दलको स्थानीय समिति निर्माण गर्ने।

(३८.२) टोलमा गठन भएको टोल समितिको अध्यक्ष चुनेर टोलको विकास निर्माण वा अन्य रचनात्मक कामहरू गर्ने।

(३८.३) नियमित रुपमा दलको बैठक गर्ने, टोलको आवश्यकता अनुसार कार्य योजना बनाउने र कार्यान्वयन गर्ने।

(३८.४) टोल समितिको अगुवाइमा भएका प्रत्येक काम कारबाहीको बारेमा वडा समितिलाई जानकारी दिने, सहयोग आदानप्रदान गर्ने र त्यसको जानकारी तयार गरी अभिलेख राख्ने तथा आवश्यक परेमा स्थानीय तहको समितिमा पठाउने।

(३८.५) दलले निर्धारण गरेको प्रशिक्षण लिएर/दिएर व्यापक रुपमा सदस्यहरू र समर्थकहरू तयार पार्ने ।

(३८.६) प्रत्येक ४ वर्षमा हुने गाउँ, टोल वा सामुदायिक समितिका सम्पूर्ण सदस्यहरूले वडा सभामा सहभागी भई प्रत्यक्ष निर्वाचनद्वारा चुन्ने चुनिने अधिकारको उपयोग गर्ने।

## ३९. वडा समितिको काम, कर्तव्य र अधिकार

(३९.१) वडाद्वारा निर्वाचित सम्पूर्ण वडा सदस्यहरूले कार्य विभाजन गर्ने।

(३९.२) नियमित रुपमा समितिको बैठक गर्ने, कार्य योजना बनाउने र कार्यान्वयन गर्ने।

(३९.३) वडाको आवश्यकता र उपल्लो समितिको निर्देशन अनुसार दलका निर्णयहरू गर्ने र त्यसको कार्यान्वयन गर्ने/गराउने।

(३९.४) प्रत्येक वडा समिति अन्तर्गतका सदस्यहरूको काम र संख्याको अभिलेख अद्यावधिक गर्ने र आवश्यक निर्देशन दिने।

(३९.५) वडा समितिको अगुवाइमा भएका प्रत्येक काम कारबाहीको बारेमा उपल्लो समितिमा जानकारी दिने।

(३९.६) वडा समितिका सदस्यहरूको राजीनामा आएमा समितिसँग परामर्श गरी वडा अध्यक्षले स्वीकृत गर्ने।

(३९.७) प्रत्येक ४ वर्षमा वडा सदस्यहरूको सभा गरी प्रत्यक्ष निर्वाचनद्वारा विधानमा उल्लेख भए अनुसार वडा समितिको निर्माण गर्ने।

## ४०. स्थानीय तह समितिको काम, कर्तव्य र अधिकार

(४०.१) वडा सदस्यहरूद्वारा निर्वाचित सम्पूर्ण स्थानीय तहका समिति सदस्यहरूले आवश्यक विभाग, आयोग तथा समितिहरू गठन गर्ने, बाँकी समिति सदस्यहरू मनोनयन गर्ने र कार्य विभाजन गर्ने।

(४०.२) नियमित रुपमा समितिको बैठक गर्ने, कार्य योजना बनाउने र कार्यान्वयन गर्ने।

(४०.३) सम्बन्धित स्थानीय तहको आवश्यकता र उपल्लो समितिको निर्देशन अनुसार स्थानीय तहको दलका निर्णयहरू गर्ने र त्यसको कार्यान्वयन गर्ने/गराउने।

(४०.४) प्रत्येक स्थानीय तहको समिति अन्तर्गतका सदस्यहरूको काम र संख्याको रेकर्ड अद्यावधिक गर्ने र आवश्यक निर्देशन दिने।

(४०.५) स्थानीय तहको समितिको अगुवाइमा भएका प्रत्येक काम कार्यवाहीहरूको बारेमा उपल्लो समितिमा जानकारी दिने।

(४०.६) स्थानीय तहका विभाग वा समितिबाट राजिनामा आएमा समितिसँग परामर्श गरी स्थानीय तह अध्यक्षले स्वीकृति गर्ने।

(४०.७) प्रत्येक ४ वर्षमा स्थानीय तहको सदस्यहरूको सभा गरी विधानमा उल्लेख भए अनुसार प्रत्यक्ष निर्वाचन तथा मनोनयनद्वारा स्थानीय तहको समितिको निर्माण गर्ने।

## ४१. प्रादेशिक समितिको काम, कर्तव्य र अधिकार

(४१.१) प्रादेशिक सदस्यहरूद्वारा निर्वाचित सम्पूर्ण प्रदेश समिति सदस्यहरूले आवश्यक विभाग, आयोग तथा समितिहरू गठन गर्ने, बाकी समिति सदस्यहरू मनोनयन गर्ने र कार्य विभाजन गर्ने।

(४१.२) नियमित रुपमा प्रादेशिक दलको बैठक गर्ने, कार्य योजना बनाउने र कार्यान्वयन गर्ने।

(४१.३) सम्बन्धित प्रदेशको आवश्यकता र उपल्लो समितिको निर्देशन अनुसार दलको प्रदेश तहका निर्णयहरू गर्ने र त्यसको कार्यान्वयन गर्ने/गराउने।

(४१.४) प्रत्येक प्रादेशिक समिति अन्तर्गगतका सदस्यहरूको काम र संख्याको अभिलेख अद्यावधिक गर्ने र आवश्यक निर्देशन दिने।

(४१.५) प्रादेशिक समितिको अगुवाइमा भएका प्रत्येक काम कार्यवाहीहरूको बारेमा उपल्लो समितिमा जानकारी पठाउने।

(४१.६) प्रादेशिक तहका आयोग, विभाग वा समितिबाट राजिनामा आएमा समितिसँग परामर्श गरी प्रादेशिक अध्यक्षले स्वीकृति गर्ने।

(४१.७) प्रत्येक ४ वर्षमा अनिवार्य समावेशी प्रतिनिधित्व रहने गरी विधानमा उल्लेख भए बमोजिम प्रत्यक्ष निर्वाचन र मनोनयनद्वारा प्रदेश समितिको निर्माण गर्ने।

## ४२. संघीय समितिको काम, कर्तव्य र अधिकार

(४२.१) विधानमा उल्लेख भए बमोजिम अध्यक्षले सिफारिस गरेका संघीय सदस्यहरूको अनुमोदन तथा कार्य विभाजन गर्ने।

(४२.२) सम्पूर्ण संघीय सदस्यहरूको कार्य विभाजन र संक्षिप्त इतिहासको लगत राख्ने।

(४२.३) विधानमा निर्धारण गरिए बमोजिमका संघीय विभाग/समिति, आयोग कार्यदल तथा अन्य आवश्यक संयन्त्रहरू गठन गर्ने।

(४२.४) संघीय समितिद्वारा गठित विभाग, कार्यदल तथा आवश्यक संयन्त्रहरूको काम, कर्तव्य र अधिकारको तर्जुमा गर्ने।

(४२.५) संजाल समिति तथा अन्य समितिका निर्णयहरूलाई आवश्यक संसोधन र सुझाव सहित अनुमोदन गर्ने।

(४२.६) आवश्यकता अनुसार संघीय समिति सदस्यहरूको कार्य विभाजनमा हेरफेर र स्थानान्तरण गर्ने।

(४२.७) संघीय कार्यालयको गठन र कार्य प्रणाली निर्धारण गर्ने।

(४२.८) राष्ट्रिय महाधिवेशनको मूल सैद्धान्तिक आधारमा दलका उक्त समयका नीति तथा कार्यक्रमहरू तयार पारी कार्यान्वयन गर्ने।

(४२.९) संघीय समिति तथा अन्य समितिहरूका निर्णयहरूको आधारमा अन्तर दलीय निर्देशिका तयार पारी वितरण गर्ने।

(४२.१०) दलका सबै निकाय तथा संगठनहरूलाई आवश्यक निर्देशन दिने, काम कारवाहीको अभिलेख राख्ने, सुपरिवेक्षण गर्ने र मूल्यांकन गर्ने।

(४२.११) अनुशासनको उल्लङ्घन गर्ने संघीय समिति, संजाल समिति तथा संघीय विभागका र संजालका सदस्यहरूलाई दलको आन्तरिक न्यायिक प्रक्रिया टुंगिई आएको सिफारिस बमोजिम कारवाही गर्ने। हरेक विभाग वा समिति प्रमुखले आफ्नो विभाग वा समिति सदस्यबाट आएका राजीनामा स्वीकार गर्नेछ।

(४२.१२) सरकार, संसद तथा स्थानीय निकाय संचालनको नीति तर्जुमा गर्ने र कार्यान्वयनको लागि नेतृत्व प्रदान गर्ने।

(४२.१३) प्रत्येक प्रादेशिक समिति अन्तर्गतका सदस्यहरूको काम र संख्याको अभिलेख अद्यावधिक गर्ने र आवश्यक निर्देशन दिने।

(४२.१४) प्रत्येक ४ वर्षमा राष्ट्रिय महाधिवेशन गर्ने।

(४२.१५) विधानमा तोकिएका नियमावली बनाउने लगायत अन्य सबै कामहरू गर्ने।

## ४३. समन्वय समितिको काम कर्तव्य र अधिकार

(४३.१) पार्टी र संजालबिच समन्वय गर्ने। पार्टीले उठाएको मुद्दाहरू संजाल मार्फत नागरिक माझ पुऱ्याउने र संजालबाट आएका विषयहरू पार्टीको मुद्दा बनाउन प्रयास गर्ने।

(४३.२) संघीय समिति र संजाल समितिको वैठकको छलफलमा मुद्दा निर्धारण गर्ने।

(४३.३) कुनै एक समिति सदस्यले क्रमिक रुपमा वैठक संचालन गर्ने तथा प्रवक्ताले वैठकको टिप्पणी उठाउने र सम्प्रेषण गर्ने। अध्यक्षसँग परामर्श गरी वैठक संचालन संघीय समिति वा संजाल समितिको कुनै पनि सदस्यले पनि संचालन गर्न सक्नेछ।

## ४४. अध्यक्ष

(४४.१) संघीय समितिको बैठक आह्वान र अध्यक्षता गर्ने ।

(४४.२) बैठकमा गणपूरक संख्या पुगे नपुगेको निर्क्योल गरी सो अनुसार वैठक सुचारु वा स्थगन गर्ने ।

(४४.३) वैठकमा छलफलका लागि तय भएका मुद्दा छलफलमा जानु अघि नै आवश्यक लागेका मुद्दा स्पष्ट कारण खुलाई अर्को वैठकसम्मका लागि रोक्ने ।

(४४.४) दल मातहतका कुनै पनि सदस्य, समिति वा निकायसंग सरोकारका विषयमा समन्वय गर्ने, अनुगमन तथा सुपरिवेक्षण गर्ने, आदेश दिने तथा स्पष्टीकरण सोध्ने ।

(४४.५) अध्यक्षको अनुमतिमा तथा अनुपस्थितिमा उपाध्यक्षको काम, कर्तव्य तथा अधिकारलाई प्रत्यायोजन गर्ने।

(४४.६) संघीय समिति वा संजाल समिति प्रमुखहरूबाट आएका राजीनामा समितिको परामर्शमा स्वीकृत गर्न सक्ने ।

(४४.७) अध्यक्ष दलको विधान, संघीय समितिप्रति उत्तरदायी हुनेछन् ।

(४४.८) तहगत समितिहरूका अध्यक्षले पनि आफ्नो तहगत क्षेत्रको हकमा यिनै व्यवस्था बमोजिम काम गर्नेछन् ।

**४५. उपाध्यक्ष**

(४५.१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले सुम्पिएको जिम्मेवारी वहन गर्ने।

(४५.२) दलको संगठन सम्बन्धित सम्पूर्ण जिम्मेवारी वहन गर्ने र अध्यक्षसँग परामर्श गरी र त्यसलाई समितिबाट पारित गराई दलको रणनीति तय गर्ने।

(४५.३) आफ्नो कार्य प्रगतिलाई संघीय समितिमा पेश गर्ने ।

(४५.४) तहगत समितिहरूका उपाध्यक्षले पनि आफ्नो तहगत क्षेत्रको हकमा यिनै व्यवस्था बमोजिम काम गर्नेछन् ।

**४६. सचिव** - नीति, अनुसन्धान र विश्लेषण

(४६.१) दलको नीति, अनुसन्धान र विश्लेषण सम्बन्धित सम्पूर्ण जिम्मेवारी वहन गर्ने।

(४६.२) आफ्नो कार्य प्रगतिलाई संघीय समितिमा पेश गर्ने।

(४६.३) तहगत समितिहरूका सचिवले पनि आफ्नो तहगत क्षेत्रको हकमा यिनै व्यवस्था बमोजिम काम गर्नेछन् ।

**४७. सचिव** - प्रशिक्षण तथा क्षमता विकास

(४७.१) दलको प्रशिक्षण तथा क्षमता विकास सम्बन्धित सम्पूर्ण जिम्मेवारी वहन गर्ने।

(४७.२) आफ्नो कार्य प्रगतिलाई संघीय समितिमा पेश गर्ने।

(४७.३) तहगत समितिहरूका सचिवले पनि आफ्नो तहगत क्षेत्रको हकमा यिनै व्यवस्था बमोजिम काम गर्नेछन् ।

**४८. सचिव** - अभियान र संजाल

(४८.१) संजाल समितिको बैठक आह्वान र अध्यक्ष्यता गर्न सक्ने।

(४८.२) सो बैठकमा गणपूरक संख्या पुगे नपुगेको निर्क्योल गरि सो अनुसार वैठक सुचारु वा स्थगन गर्न सक्ने।

(४८.३) सो वैठकमा छलफलका लागि तय भएका मुद्दा छलफलमा जानु अघि नै आवश्यक लागेका मुद्दा स्पष्ट कारण खुलाई अर्को वैठकसम्मका लागि रोक्न सक्ने।

(४८.४) दलको अभियान र संजाल सम्बन्धित सम्पूर्ण जिम्मेवारी वहन गर्ने।

(४८.५) आफ्नो कार्य प्रगतिलाई संघीय समितिमा पेश गर्ने।

(४६.३) तहगत समितिहरूका सचिवले पनि आफ्नो तहगत क्षेत्रको हकमा यिनै व्यवस्था बमोजिम काम गर्नेछन् ।

**४९. प्रवक्ता** - संचार

(४९.१) दलको मिडिया र संचार सम्बन्धित सम्पूर्ण जिम्मेवारी वहन गर्ने।

(४९.२) दलको प्रवक्ताको जिम्मेवारी वहन गर्ने।

(४९.३) आफ्नो कार्य प्रगतिलाई संघीय समितिमा पेश गर्ने।

(४९.४) वैठकका निर्णयहरूको टिपोट गर्ने, अभिलेख राख्ने तथा समितिका सदस्यहरू तथा तोकिएका अन्य व्यक्तिहरूलाई सम्प्रेषण गर्ने।

(४९.५) तहगत समितिहरूका प्रवक्ताले पनि आफ्नो तहगत क्षेत्रको हकमा यिनै व्यवस्था बमोजिम काम गर्नेछन् ।

**५०. संजाल समितिको काम, कर्तव्य र अधिकार**

(५०.१) संघीय समितिले तोकेको नियमावली अनुसार काम गर्ने।

(५०.२) दलको मुद्दाहरूलाई अभियान मार्फत नागरिक माझ पुर्‍याउने।

(५०.३) आम नागरिकको मुद्दाहरूलाई उठाउने र दलको रणनीति र एजेन्डा विपरीत नभए दल मार्फत संस्थागत गर्ने।

(५०.४) विभिन्न संजालहरू बनाउने र अरु संघ संस्थाहरूसँग समन्वय गरी काम गर्ने।

(५०.५) हरेक अभियान/कार्यक्रमको पारदर्शी रुपमा आर्थिक कारोबार सार्वजनिक गर्ने।

(५०.६) अभियान/कार्यक्रमहरू तय गर्ने, योजना बनाउने र कार्यान्वयन गर्ने।

(५०.७) आवश्यकता अनुसार विषयगत वा मुद्दागत संजाल बनाउने वा विघटन गर्ने।

(५०.८) अभियानहरू संचालन गर्दा दलको झन्डा प्रयोग गर्ने वा नगर्ने तय गर्ने। विषय अनुसार कुनै एक संजाललाई स्वतन्त्र रुपमा काम गर्ने अधिकार दिने र यसको लागि निर्देशिका बनाउने।

(५०.९) अभियानहरूको लागि आचार संहिता बनाउने।

## ५१. राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार

(५१.१) राष्ट्रिय महाधिवेशनको लागि आवश्यक आयोजक समितिको चयन गर्ने र अन्य आवश्यक सबैखाले संयन्त्रहरूको निर्माण गर्ने।

(५१.२) राष्ट्रिय महाधिवेशन संघीय आयोजक समितिको तर्फबाट प्रस्तुत राजनीतिक, सांगठनिक तथा आर्थिक प्रतिवेदनहरू पारित गर्ने।

(५१.३) संघीय समिति र संजाल समितिको निर्वाचन गर्ने।

(५१.४) दलको विधानमा आवश्यक संसोधन गर्ने।

**भाग ९**

## ५२. कोष

(५२.१) दलको आय स्रोत दलका सदस्य तथा गैर-सदस्य (नेपाली नागरिक) बाट स्वेच्छिक रुपमा प्राप्त नगद वा जिन्सी दान र दलसँग सम्बन्धित प्रकाशन तथा वस्तुहरूको बिक्रीबाट हुने आय हुनेछ।

(५२.२) अर्थ संकलनको लागि आफ्नो तहगत  कोषाध्यक्ष एवम् अर्थ विभागसँग समन्वय गर्नु पर्नेछ।

(५२.३) अर्थ संकलन रसिदहरू संघ, प्रदेश तथा जिल्ला तहमा छापिनेछ।

(५२.४) प्रत्येक रसिदलाई नम्बर प्रदान गरी आवश्यकता अनुसार समय समयमा निष्कासन गरिनेछ।

(५२.५) दलको प्रत्येक तहमा हुने नगद, आय-व्ययको व्यवस्थापन र पारदर्शीताका निमित्त बैंक खाता संचालन गरिनेछ।

(५२.६) दलको प्रत्येक महिनाको खर्च तथा आयको विवरण पारदर्शी तरिकाले दलको वेबसाइटमा राखी प्रत्येक तीन-तीन (३/३) महिनामा कोष तथा लेखा परीक्षण आयोगले सो को आन्तरिक लेखा परीक्षण गर्नेछ।

(५२.७) हरेक आर्थिक वर्ष सकिएपछि मान्यता प्राप्त स्वतन्त्र लेखा परीक्षकबाट कोष तथा लेखा परीक्षण आयोगले लेखा परीक्षण गर्नेछ।

(५२.८)  दललाई प्राप्त हुने जिन्सी दानको पनि लेखा राखिनेछ र सोको पनि मूल्याङ्कन गरी जिन्सी लेखा परीक्षण हुनेछ।

(५२.९)  दलले प्राप्त गरेको अर्थ सम्बन्धित समितिले दलको राजनीतिक उद्देश्य प्राप्तिको लागि प्रयोग गर्नेछ।

(५२.१०) माथि जस्तोसुकै लेखिएको भए तापनि नेपालको कानुनले राजनीतिक दललाई अर्थ संकलन र व्यवस्थापनमा निर्दिष्ट गरेको कानुनको अधीनमा रही मात्र कार्य गरिनेछ।

(५२.११)  कुनै  पनि व्यक्ति तथा संस्थासँग एकै आर्थिक वर्षमा तोकिए भन्दा बढी अर्थ संकलन गर्न पाइने छैन।

**भाग – १०**

## विविध

### ५३. दल एकीकरण, विभाजन वा विघटन

(५३.१) दलको महाधिवेशन वा विशेष अधिवेशनमा उपस्थित अद्यावधिक सदस्यहरूको (निर्वाचनमा खसेको सदर मतको) दुई तिहाइ बहुमतले दल एकीकरण वा विघटनको प्रस्ताव पारित गर्न सक्नेछ। अद्यावधिक सदस्यहरूको ५०%+१ संख्यालाई गणपूरक संख्या मानिनेछ। गणपूरक संख्या नपुगे सो मुद्दालाई स्वतः खारेज

भएको मानिने छ। प्रक्रिया सुरु हुनु अघि न्यूनतम ९० दिन सदस्यता कायम रहेका सदस्यहरूले मात्र भाग लिन पाउनेछन्।

(५३.२) दल एकीकरण, विभाजन वा विघटन सम्बन्धी अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

**५४. सम्पति तथा दायित्व व्यवस्थापन**

(५४.१) नेपाल विवेकशील पार्टी अन्य राजनीतिक दलसँग एकीकरण भएमा यसको सम्पूर्ण सम्पत्ति स्वतः एकीकृत दलको स्वामित्वमा जानेछ।

(५४.२) नेपाल विवेकशील पार्टी विघटन भएमा सम्पूर्ण सम्पति नेपाल सरकारको स्वामित्वमा जानेछ।

(५४.३) माथि जेसुकै लेखिएको भए पनि यदि कसैले एउटा निश्चित अवधिको लागि नेपाल विवेकशील पार्टी दलसँग सम्झौता गरेर कुनै सम्पत्ति (नगद/जिन्सी) प्रयोग गर्न दिएको भए उक्त सम्पत्ति फिर्ता गरेपछि मात्र बाँकी सम्पत्ति एकीकृत दल वा नेपाल सरकारको स्वामित्वमा जानेछ।

**५५. विधान संसोधन**

(५५.१) यो विधान संसोधन गर्नु परेमा संघीय समितिका कायम रहेका दुई तिहाइ सदस्यहरूको सहमतिमा विधान संसोधन गर्न सकिनेछ तर दल एकीकरण, विभाजन वा विघटन सम्बन्धी विधानको दफा फेरबदल गर्न सक्ने छैन। साथै महाधिवेशनले पनि साधारण बहुमतबाट विधान संसोधन गर्न सक्नेछ। यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५५.२) विधान संसोधनको प्रस्ताव संघीय समितिको बहुमतबाट वा तत्काल अद्यावधिक सम्पूर्ण सदस्य संख्याको एक चौथाइबाट प्रस्ताव गर्न सकिनेछ।

**५६. गणपूरक संख्या**

दलका सबै तहगत निकायहरूका बैठकहरूमा उक्त निकायहरूका कुल संख्याको पचास प्रतिशतमा एक जोड्दा हुने संख्यालाई गणपूरक संख्या मानिनेछ।

## ५७. विधानको व्याख्या

यस विधानको व्याख्या गरी संघीय समितिले गर्नेछ।

## ५८. नियमावली बनाउने र परिपत्र जारी गर्ने

दलको संघीय समितिले यो विधानको अधिनमा रही आवश्यक नियमावली तथा निर्देशिका बनाउन वा परिपत्र जारी गर्न सक्नेछ। प्रदेश तथा स्थानीय समितिहरूले पनि यसै विधानलाई आधार मानेर आ-आफ्नो तहमा नियमावली तथा निर्देशिका बनाउन वा परिपत्र जारी गर्न सक्नेछन।

## ५९. बैठक बोलाउने तथा अध्यक्षता गर्ने तथा निर्णय गर्ने सम्बन्धी व्यवस्था

(५९.१) हरेक तहगत समिति, आयोग, विभाग लगायतका समितिको बैठक बोलाउने तथा त्यसको अध्यक्षता गर्ने अधिकार उक्त निकायको प्रमुखलाई हुनेछ। उक्त निकायहरूको निर्णय गर्दा बहुमतको आधारमा वा यस विधानमा उल्लेख भए बमोजिम हुनेछ।

(५९.२) राष्ट्रिय महाधिवेशन, प्रादेशिक अधिवेशन तथा अन्य अधिवेशनहरूको बैठक बोलाउने सम्बन्धी यस विधानमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि संघीय समितिले तोके बमोजिम हुनेछ।

## ६०. बाधा अडकाउ फुकाउ

विधान लागु गर्दा कुनै वाधा अड़काउ फुकाउ गर्न परेमा त्यस्तो वाधा अडकाउ फुकाउने अधिकार संघीय समितिलाई हुनेछ। बाधा अड्काउ फुकाउने बारेमा निर्णय गर्दा संघीय समितिका कायम रहेका दुई तिहाइ सदस्यहरूले गरे बमोजिम हुनेछ।

## ६१. अन्य व्यवस्था

(६१.१) यस विधानको आधार भक्तपुर जिल्लाको तेलकोटमा दलमा शुभेच्छा राख्नेहरू तथा यस मार्फत राजनीतिक हस्तक्षेप गर्न मनसाय राख्ने व्यक्तिहरूको २०७७ साल फागुन ७ देखि ९ सम्म गरिएको विस्तारित बैठकबाट तय भएको हो। सोही भेलाले चयन गरेको संयोजनकारी समिति तथा त्यसले उक्त समितिलाई

दिएको कार्यादेश बमोजिम भएका काम कारबाहीहरूबाट यस विधानलाई अन्तिम रूप दिने तथा दलको तदर्थ संघीय समितिको गठन लगायत अन्य नीतिगत तथा सांगठनिक कामहरू भएका हुन् ।

(६१.२) दल दर्ता भएको मितिबाट बढीमा तीन वर्षभित्र पहिलो महाधिवेशन हुनेछ। महाधिवेशन हुने निश्चित समय राष्ट्रिय वा स्थानीय चुनाव तथा अन्य राजनीतिक तथा देशको अन्य अवस्था हेरेर उपयुक्त मिति तोकिनेछ। महाधिवेशन नभइन्जेल यस विधानको कार्यान्वयनमा कुनै कठिनाइ आए वा यसमा उल्लेख गरिएका संरचनाहरूको पद पूर्ति गर्नुपर्ने भए संघीय समिति वा त्यसले अधिकार प्रत्यायोजन गरेका व्यक्ति, समिति वा निकायले गर्न सक्नेछन्। दल दर्ता भएको मितिबाट दुई वर्षसम्म राष्ट्रिय चुनावमा भाग लिने र संगठन विस्तार गर्नु पर्ने भएकोले, यो समयमा महाधिवेशन हुने छैन।

(६१.३) पहिलो महाधिवेशन सकिएको हरेक ४ वर्षमा अर्को महाधिवेशन हुनेछ।

## अनुसूचीहरू

## अनुसूची - १

**झन्डा**

आयताकार सुनौलो घेरा र त्यसभित्रको हरियो पृष्ठभूमिको बिचमा सेतो रङको कुकुरको टाउकोको आकृति रहेको झण्डा पार्टीको झण्डा रहनेछ। हरियो पृष्ठभूमिले पर्यावरणलाई जोगाउने भाव जनाउँदछ भने सुनौलो घेराले दिगो रूपमा हासिल गर्नुपर्ने संवृद्धिलाई जनाउनेछ। कुकुरले इमानदारी तथा पहरेदारीको भाव जनाउनेछ । झण्डाको चौडाइ र लम्बाइको अनुपात २:३ हुनेछ। झण्डाको चारैतिर रहेको बाहिरी सुनौलो घेराको चौडाइ झण्डाको चौडाइको पाँच प्रतिशत हुनेछ । दलको झन्डाको नमूना लागि तल राखिएको छ ।



**अनुसूची- २**

**चिह्न**

कुकुरको टाउकोको आकृति पार्टीको चिह्न रहनेछ।



**अनुसूची - ३**

**छाप**

दुईटा वृत्ताकारको बिचमा माथिल्लो देब्रे भागमा घडी घुम्ने दिशातर्फ **नेपाल विवेकशील पार्टी** लेखिएको तथा तलको भागमा घडी घुम्ने दिशाको उल्टोतर्फ **मानवता, समानता, स्वतन्त्रता र स्वाभिमान** लेखिएको हुनेछ ।




**अनुसूची - ४**

**दलका कार्यालयहरू**

(क) दलको संघीय कार्यालय काठमाण्डौं उपत्यकामा रहनेछ।

(ख) दलको प्रादेशिक कार्यालयहरू प्रदेश सभाले तोकेका प्रदेशको राजधानीमा वा अन्य व्यवस्था गरे बमोजिम रहनेछन्।

# नेपाल विवेकशील पार्टीको नियमावली, २०७८

पारित मिति: २०७८/०६/०३

नेपाल विवेकशील पार्टी र यसका सम्पूर्ण कार्यहरूलाई व्यवस्थित, नियमित तथा गतिशील बनाउनको लागि र कतिपय विषयहरूलाई समेत दलको नियमावलीमा समावेश गर्न आवश्यक देखिएकोले नेपाल विवेकशील पार्टीको विधानको भाग **१०** को दफा **५८** बमोजिम तदर्थ संघीय (केन्द्रीय) समितिले पारित गरी नेपाल विवेकशील पार्टीको नियमावली, २०७८  जारी गरिएको छ ।

## भाग – १

## प्रारम्भिक

### १. नाम र प्रारम्भ

(१.१) यस नियमावलीको नाम "नेपाल विवेकशील पार्टीको नियमावली, २०७८" रहेको छ।

(१.२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

### २. परिभाषा

'विषय' वा 'प्रसंग'ले अर्को अर्थ नलागेमा यस विधानको सामान्य परिभाषा देहाय बमोजिम हुनेछ:
(२.१) 'दल' भन्नाले 'नेपाल विवेकशील पार्टी' भन्ने बुझिनेछ।

(२.२) 'विधान' भन्नाले 'नेपाल विवेकशील पार्टी'को विधान बुझिनेछ।

(२.३) 'नियमावली' भन्नाले 'नेपाल विवेकशील पार्टीको नियमावली– २०७८' बुझिनेछ।

(२.४) 'सदस्य' भन्नाले नेपाल विवेकशील पार्टीको सदस्यलाई बुझाउनेछ ।

(२.५) 'अध्यक्ष' भन्नाले नेपाल विवेकशील पार्टीका संघीय (केन्द्रीय) लगायत विभिन्न तहगत समितिका अध्यक्षलाई  बुझाउनेछ।

(२.६) 'समिति' भन्नाले नेपाल विवेकशील पार्टीका तहगत समितिहरूलाई बुझाउनेछ।

(२.७) 'कार्यालय' भन्नाले नेपाल विवेकशील पार्टीका विभिन्न तहगत कार्यालयलाई बुझाउनेछ।

(२.८) 'निकाय' भन्नाले नेपाल विवेकशील पार्टीका विभिन्न तहगत समिति, विभाग वा दल संबद्ध संस्थाहरूलाई बुझाउनेछ।

(२.९) 'संसदीय दल' भन्नाले नेपाल विवेकशील पार्टीको संघीय प्रतिनिधि सभा/राष्ट्रिय सभा/प्रादेशिक सभाको संसदीय दललाई बुझाउनेछ ।

**भाग – २**

**३. सदस्यता**

(३.१) नेपाल विवेकशील पार्टीको सदस्यता लिन चाहने व्यक्तिले अनलाइन फारम वा दलको तोकिएका निकायमा तोकिएको आवेदन पत्र भर्नु पर्नेछ।

(३.२) भरेको आवेदन उपर दल सम्बन्धित समितिले जुनसुकै बेला पनि सदस्यहरूको आवश्यक सत्यापन गर्न सक्नेछ।

(३.३) प्रत्येक दल सदस्यहरूले कुनै पनि माध्यमद्धारा दलमा सुझाव सल्लाह पठाउन सक्नेछन्।

**४. सदस्यता नवीकरण**

(४.१) प्रत्येक दल सदस्यताको नवीकरण वार्षिक रुपमा गर्नु पर्नेछ।

(४.२) दलको निर्वाचनको अवधिमा भने नवीकरणको समयावधि संघीय समितिले व्यवस्था गरे अनुसार हुनेछ।

(४.३) दल अनुशासनको कारबाहीमा परेका व्यक्तिहरूको हकमा भने निलम्बन फुकुवा भएको १ महिनाभित्र नवीकरण गर्नु पर्नेछ।

**भाग – ३**

**५. महाधिवेशन**

(५.१) दलको महाधिवेशनमा सदस्यहरूले प्रत्यक्ष मतदानबाट संजाल तथा संघीय सदस्यहरू चयन गर्नेछन्।

(५.२) संघीय सदस्यहरू चयन गर्दा समावेशी, समानुपातिक र सहभागितामूलक प्रतिनिधित्वलाई विधान बमोजिम गरिनेछ ।

**भाग – ४**

## ६. प्रदेश अधिवेशन

(६.१) प्रदेश अधिवेशनको सन्दर्भमा विधानमा भएको व्यवस्था अनुसार प्रादेशिक अधिवेशन हुने व्यवस्था मिलाउनेछ।

(६.३) सहभागी सदस्यहरूले प्रत्यक्ष निर्वाचनबाट विधान बमोजिमको प्रादेशिक नेतृत्व चयन गरिनेछ।

**भाग– ५**

## ७. स्थानीय तह

(७.१) स्थानीय तहको तहगत अधिवेशनको सन्दर्भमा विधानमा भएको व्यवस्था अनुसार स्थानीय तहगत (महानगर/उपमहानगर/नगर/गाउँपालिका)को अधिवेशनको लागी स्थानीय निर्वाचनको व्यवस्था मिलाइनेछ।

(७.२) सहभागी सदस्यहरूले प्रत्यक्ष निर्वाचनद्वारा विधान बमोजिमको तहगत स्थानीय नेतृत्व चयन गर्नेछन्।

**भाग – ६**

## ८. उम्मेदवारीको मापदण्ड

दलको महाधिवेशन तथा विभिन्न तहका अधिवेशनहरूमा उम्मेदवार हुनका लागि निर्वाचन आयोगले तोकेको मापदण्ड र दलले तोकेको मापदण्ड दुवै पूरा गर्नु पर्नेछ। मतदानको अधिकार प्राप्त सदस्यले सो तहको जुनसुकै महाधिवेशनमा मतदान दिन सक्नेछ।

**भाग – ७**

## ९. सम्पतिको अभिलेख

दलको चल अचल सम्पतिको अभिलेख आर्थिक तथा लेखा परीक्षण आयोगमा रहनेछ।

## १०. नियमावली संशोधन

नेपाल विवेकशील पार्टीको संघीय समितिले आवश्यकतानुसार यस नियमावलीको संशोधन गर्न तथा यसको प्रयोगमा कुनै बाधा उत्पन्न भएमा फुकाउन सक्नेछ।

## ११. संक्रमणकालीन व्यवस्था

विधानको अन्य व्यवस्था बमोजिम निर्मित तदर्थ संघीय समितिले नीतिगत तथा व्यवहारिक रुपमा आवश्यक व्यवस्थाको सम्बन्धमा सम्पूर्ण निर्णय गर्नेछ, दल दर्ता गर्नुको साथै दललाई पहिलो महाधिवेशन सम्म नेतृत्व दिनेछ।